# समाचार सन्देश

वर्ष १४, अङ्क ६ आई.पी.एस्. लेख रचनाको सँगालो, कार्तिक १५-२९, २०६४ (नोभेम्बर १ – १५, २००७)

# इजिप्टमा मृत्युदण्ड: चर्को बहस

– आदम मोरो र खालेद मौसा अल-ओमरानी

कायरो (आई.पी.एस्./एन्.पी.आई.) – इजिप्टेलीहरूले संयुक्त राष्ट्रसंघको महासभामा मृत्युदण्ड खारेजीको प्रस्तावमाथि हुने मतदानलाई अभिरुचिपूर्वक हेर्ने सम्भावना छ । तर, मुस्लिम बहुल यस देशमा धेरैले मृत्युदण्डमाथि अङ्कुश लगाउने प्रस्तावको स्वागत गरे पनि त्यो अभ्यासको पूर्ण खारेजीको घोषणाबारे यहाँ गम्भीर असहमति छ ।

'हाम्रो समाजको आनै विश्वास र मानकहरू छन्' मुस्लिम ब्रदरहुडका सांसद तथा संसद्को धार्मिक मामिला समितिका सदस्य सइद अस्करले आईपीएससँग भने 'मृत्युदण्डको खारेजीको पक्षमा विश्वव्यापी लहर छ भने पनि यो मामिलामा हामी अरु समाजको नक्कल गर्न इच्छुक छैनौं ।

अस्कर युरोपेली संघको समर्थनमा थालिएको मृत्युदण्ड स्थगनसम्बन्धी प्रस्ताव संयुक्त राष्ट्रसंघमा प्रस्तुत गर्नुअघि टिप्पणी गर्दै थिए । धर्ममा आधारित पार्टीमाथि प्रतिबन्ध लाग्ने प्रावधानको फलस्वरूप औपचारिक रूपमा प्रतिबन्धित मुस्लिम ब्रदरहुडले राष्ट्रिय सभामा मुस्किलले ५ प्रतिशत प्रतिनिधित्व गर्दछ । इजिप्टको राष्ट्रिय सभा राष्ट्रपति होस्नी मुवारकको सत्तारुढ नेशनल डेमोक्रेटिक पार्टीको नियन्त्रणमा छ ।

मुवारकको शासनकालको पछिल्लो एक दशकमा मृत्युदण्डको प्रयोग बढेको बताइन्छ । यद्यपि यससम्बन्धी थोरै मात्रै सरकारी आंकडा उपलब्ध छ । कायरोस्थित माट सेन्टर फर ज्युडिसियल एण्ड कन्स्टिच्यूशनल स्टडिजका अनुसार गतवर्ष यहाँ कम्तीमा २० जनालाई मृत्युदण्ड दिइएको छ ।

इजिप्टेली कानुनको वर्तमान प्रावधान अन्तर्गत करिब ९० प्रकारका अपराधमा फाँसीको सजाय हुनसक्छ । जसमा नियोजित हत्या, बलात्कार, लागूऔषधसम्बन्धी अपराध, जबरजस्ती सत्तापलको प्रयास जस्ता थुप्रै कथित राजनीतिक अपराध पर्दछन् । यदि तिनीहरू अपराध होइनन् भने पछिल्लो एक दशकको दौरान सबैलाई नभए पनि धेरैलाई मृत्युदण्ड दिइएको छ ।

यस विपरीत इस्लामिक कानुनले मुठ्ठीभर गम्भीर अपराधमा मात्रै मृत्युदण्ड दिन सकिने आदेश दिन्छ । जसमा नियोजित हत्या, सशस्त्र डकैती जस्तो हिंसात्मक अपराध, धर्म परिवर्तन र वेश्यावृत्ति पर्दछन् । तथापि राष्ट्रिय बडापत्रको धारा-२ ले इस्लामिक कानुन 'विधेयकको प्रमुख श्रोत' हुने उल्लेख गरेको छ । आजको इजिप्टमा धर्म परिवर्तन र वेश्यावृत्ति ठूला अपराध होइनन् ।

अधिकांश मानवअधिकारवादी संस्थाहरूको सम्झौतामा इस्लामिक राजनीतिज्ञहरूले खासगरी राजनीतिक प्रकृतिका अरु सबै अपराध, जसमा अहिले मृत्युदण्ड दिइन्छ, मा त्यस्तो सजाय खारेज गर्न समर्थन जनाएका छन् । तिनीहरू अनुदार छन्, जबकी फाँसीको अभ्यास पूर्ण उन्मुलन भएको छैन ।

'मुस्लिम कानुनले भन्छ, समाजको एकता र स्थायित्वका लागि गम्भीर प्रकृतिको अपराधमा मृत्युदण्ड आवश्यक छ' अस्कर भन्छन् ।

मृत्युदण्डका स्थानीय विरोधीको तर्क चाहिँ के छ भने त्यस्तो गम्भीर मुद्दाविरुद्धको सजाय त्यस्तो तथ्यमा अडेको छ कि जुन एकपटक कार्यान्वयन भएपछि उल्टाउन सकिँदैन ।

'यो यस्तो सजाय हो जुन नगर्न सकिँदैन' माट सेन्टरका प्रमुख तथा मृत्युदण्डविरोधी

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

इजिप्टेली गठबन्धनका संयोजक अयमान अकिलले आईपीएससँग भने 'आधिकारिक भ्रष्टाचार र लापरवाहीको थुप्रै भेटिने इजिप्टमा विगतमा यस्ता थुपै घटना देखिए जसमा मृत्युदण्डको सजाय पाएका दोषीहरूलाई पछि बचाइयो ।'

'त्यसकारण गठबन्धन नियोजित हत्या बाहेकका सबै अपराधमा मृत्युदण्ड खारेजीको समर्थन गर्दछ' अकिल भन्छन् 'र यी केसहरूमा पनि प्रतिवादीले निश्पक्ष अनुसन्धानको मौका र आदेशविरुद्ध एकपटकभन्दा बढी पुनरावेदन गर्ने अधिकार पाउनुपर्छ ।'

अस्करले इस्लामिक कानुनले गलत रूपमा हुनसक्ने निर्दोषको फाँसी रोक्न कडा निर्देशन दिएको छ भन्दै जवाफ दिएका थिए ।

'इस्लामिक कानुनले मृत्युदण्डको कार्यान्वयनको लागि कठोर सिद्धान्तको व्यवस्था गरेको छ । यसमध्येको सबैभन्दा महत्वपूर्ण कानुन विज्ञानको बलियो आधार हो' उनले भने 'यदि आरोपितको दोषबारे कुनै द्विविधा छ भने मुस्लिम न्यायाधीशहरूलाई पनि एउटा निर्दोषलाई दोषी करार गर्नुभन्दा एक सय दोषीमा निर्दोष खोज्नु राम्रो हुनेछ ।'

यसै विषयमा छलफल गर्न सरकारद्वारा सञ्चालित राष्ट्रिय मानव अधिकार परिषद्ले हालै आयोजना गरेको सम्मेलनले अधिकांश इजिप्टेलीहरूको लागि मुद्दाको विवादास्पद प्रवृत्तिमा प्रकाश पारेको छ । 'मृत्युदण्डको सिद्धान्तमाथि गोलमेच' शीर्षकमा अक्टोबर २१ र २२ तारिखमा सम्पन्न सो सम्मेलनमा सहभागीहरूले यस विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार प्रोटोकलबारे छलफल गरेको ठानिएको छ ।

गोलमेच सुरु हुनुभन्दा अघि यहाँका स्थानीय पत्रपत्रिकामा उक्त सम्मेलन इजिप्टबाट मृत्युदण्ड पूर्ण खारेजी गर्ने विषयमा छलफल गर्न आयोजना हुन लागेको आसयका समाचार छापिएका थिए । केही पत्रपत्रिकाहरूले मुस्लिम ब्रदरहुडका सांसदहरूले संसदमा मानवअधिकार परिषद् विरुद्ध यस विषयमा परिषद्का आनै खाले अडानविरुद्ध संसदमा अभियान सुरु गर्ने योजना बनाएको समाचार समेत छापेका थिए ।

प्रारम्भिक समाचारको जवाफमा राष्ट्रिय मानवअधिकार परिषद्का उपप्रवक्ता अहमद कमल अबोउल मग्दले सम्मेलनको पहिलो दिन परिषद्को अडानबारे स्पष्ट पार्दै एक विज्ञप्ति जारी गरेका थिए । विज्ञप्तिमा उनले गोलमेच 'मृत्युदण्डको पूर्ण खारेजीको विषयमा छलफल गर्न गर्ने उद्देश्यले आयोजना नगरिएको' मा जोड दिएका थिए ।

'परिषद्ले मृत्युदण्ड पूर्ण खारेजीको लागि सुझाव दिएन, न त यसले सुझाव दिने सोच नै बनाएको छ' अबोउल मग्दले विज्ञप्तिमा उल्लेख गरेका छन् । उनले आफू र परिषद्लाई यस विषयमा सांसदहरूसँग असहमति रहेको कुनै जानकारी नभएको पनि बताए ।

यसैबीच, मुस्लिम ब्रदरहुडका प्रवक्ताले पनि त्यसखालको द्वन्द्व नरहेको पुष्टि गरे । 'उनीहरूले पहिलो पटक सम्मेलन गर्न गइरहेका छन् भन्ने कुराको हामीलँई जानकारी समेत थिएन' संसदमा मुस्लिम ब्रदरहुड पक्षधर प्रवक्ता हम्दी हसनले आईपीएससँग भने ।

ती समाचारहरू गलत ठहरियो र पनि परिषद्ले हतारमा दिएको स्पष्टीकरणले मृत्युदण्डको पूर्ण खारेजीको वरिपरि घेरिएका विरोधाभाषहरूमा प्रकाश पार्न मद्दत गरेको अकिलले औंल्याए ।

'असत्य समाचारहरूले द्विविधाको थुप्रो लगायो' अकिल भन्छन् 'तर, राष्ट्रिय मानवअधिकार परिषद्को विज्ञप्ति मृत्युदण्ड खारेजीको पक्षमा काम गरिरहेका प्रत्येक व्यक्तिहरू इस्लामिक कानुनको विपक्षमा उभिएको देखिनेछन् भन्ने त्रासको परिणाम हो ।

मृत्युदण्डको भावी भविष्यका हरेक मुद्दामा परिषद्ले अन्ततः थुप्रै संख्यामा महत्वपूर्ण सिफारिसहरू जारी गऱ्यो । प्रस्तावित मध्ये राजनीतिक अपराधमा मृत्युदण्डको पूर्ण खारेजी ज्यादै उल्लेख्य थियो ।

यसले मुलुकको ग्रान्ड मुती (सरकारद्वारा नियुक्त धार्मिक प्राधिकार) सँग प्राणदण्डबारे अन्तिम निर्णय दिन र गैरसैनिकलाई सैनिक अदालत, जहाँ मृत्युदण्ड कार्यान्वयन गर्ने सम्भावना हुन्छ, मा सुनुवाई गर्ने अभ्यासको अन्त्य गर्न आग्रह गऱ्यो ।

यी मध्येका सिफारिसहरूलाई सरकारले ग्रहण गर्ला वा नगर्ला भन्ने पक्ष प्रश्नका लागि खुल्लै छ ।

'परिषद्का प्रस्तावहरू कार्यान्वयन हुन्छन् भन्ने कुरामा म धेरै आशावादी छैन' अकिलले भने ।

इजिप्टको मृत्युदण्डसम्बन्धी कानुनमा यस्तो अभ्यास अन्त्य गर्ने सम्भावित राष्ट्रसंघीय निर्णयको प्रभावबारे टिप्पणी गर्दै उनी भन्छन् 'यदि राष्ट्रसंघले ज्यादै गम्भीर प्रकृतिका बाहेक अरु सबै अपराधमा मृत्युदण्ड खारेजीको लागि तोकेरै प्रस्ताव जारी गर्छ भने म बढी आशावादी हुनेछु ।'

# श्रीलङ्काको तयारी पोशाक उद्योगमा किचलो

– फैजल सामथ

कोलम्बो (आई.पी.एस्./एन्.पी.आई.) – तयारी पोशाकमा संलग्न हजारौं कामदार, जसमा धेरैजसो श्रीलङ्काका ग्रामीण युवती छन्, मा एक अभियान अन्तर्गत राम्रो ज्यालाका लागि आवाज उठाइरहेका छन्। यो आवाज बढ्दै गएमा उद्योग नै उत्पादन लागत सस्तो हुने अन्य कुनै मुलुकमा स्थानान्तरण हुनसक्छ ।

कोलम्बो नजिकैको कटुनायके स्वतन्त्र व्यापार क्षेत्रको तयारी पोशाक (गारमेन्ट) कारखानामा काम गर्ने २३ वर्षीय क्रिशान्ती निर्वाह लागत व्यापक बढेकोले उनीहरू हातमुख जोर्न पनि नसक्ने अवस्थामा पुगेको बताउँछिन् । 'एउटा नरिवलको लागि ३० श्रीलङ्केली रूपैयाँ (अमेरिकी सेन्ट २५) र एउटा रोटीको ३५ रूपैयाँ पर्छ । यो महिना किराना सामानको बिल ३८८८ (३५.२ डलर) रूपैयाँ रह्यो । कम्तीमा २५ सय रूपैयाँ तलब बढेन भने हामी काम छोडेर घर जानुपर्ने हुन्छ,' उनले भनिन् ।

हाल श्रीलङ्कामा न्यूनतम तलव ६ हजार (५४.३ डलर) मात्रै छ ।

तर, कारखाना मालिकहरू यहाँको उत्पादन लागत दक्षिण एसियाली क्षेत्रमै सबैभन्दा बढी भएको जिकिर गर्छन्। 'हामी यसअघि नै यस क्षेत्रका सबैभन्दा महाका कारखाना सञ्चालक थियौं' गारमेन्ट उद्यमीहरूको प्रतिनिधि संस्था ज्वाइन्ट एप्पेरल्स एसोसिएसन फोरम (जाफ) का अध्यक्ष अजित दियास भन्छन् 'हामी थप तलब दिन सक्दैनौं ।'

श्रीलङ्काका केही गारमेन्ट उत्पादकहरूको उत्पादन युनिट मध्यपूर्व, अफ्रिका, भारत, भियतनाम, कम्बोडिया जस्ता मुलुकहरूमा छन्, जुन सुरुमा ती मुलुकहरूलाई प्राप्त कोटा उपयोग गर्न स्थापना गरिएका थिए। तर निर्वाह लागत बढाउने मुद्रास्फिति र बढ्दो निर्वाह लागत स्वयंको दबाबले गर्दा केही कम्पनीहरूले उत्पादन कार्य सस्तो ठाउँमा गर्न खोजिरहेका छन् । यस्तो पलायन धेरैजसो क्षेत्रमा भइरहेको अर्थविद्हरू बताउँछन् । हालसालै स्थनीय रंग उत्पादकहरू बढ्दो लागतले आफूहरूलाई अन्यत्रै उत्पादन गरेर श्रीलङ्कामा निर्यात गर्न बाध्य पार्न सक्ने बताउँदै व्यान्डवागनमा आवद्ध भएका छन् ।

बल्झिरहेको जनयुद्धले पनि उद्योगहरूलाई असहयोग गरिरहेको छ ।

अहिलेसम्ममा अन्य क्षेत्रभन्दा फरक गारमेन्ट श्रीलंकाको प्रमुख निर्यात वस्तुको रूपमा छ । विदेशी मुद्रा आर्जन गर्नेमा यो अरुभन्दा माथि छ । गारमेन्ट उद्योगले ३ लाखभन्दा बढीलँई रोजगरी दिएको छ, जसमा अधिकांश महिला छन्। अन्य कयौं क्षेत्र यसमाथि निर्भर छन् । श्रीलंकाको करिब दुई करोड जनसंख्याको ५१ प्रतिशत हिस्सा ओगटने महिला खासमा अर्थतन्त्रको मुख्य सहारा हो । उनीहरू गारमेन्ट उद्योग, चिया उद्योग र विदेशमा घरेलु कामदार को रूपमा कार्यरत छन् ।

गत अक्टोबरमा गैरसरकारी संस्थाहरूको गठबन्धन अलार्म र गारमेन्ट क्षेत्रका मजदुर युनियनले गारमेन्ट मजदुरको तलब २५ सय रूपैयाँले बढाउन माग गर्दै एउटा अभियान सुरु गरे ।

अक्टोबरदेखि नोभेम्बरको अन्त्यसम्म चल्ने सो अभियान अन्तर्गत सरकार र उद्योगपतिहरूलाई दबाब दिन मैनबत्ती बाल्नेदेखि लिएर प्रदर्शन र चेतनामुलकसम्मका कार्यक्रममा हजारौं गारमेन्ट मजदुर सहभागी हुनेछन् ।

'अभियानको मुख्य उद्देश्य तलबवृद्धि र न्यूनतम ज्याला पाँच हजार श्रीलंकाली रूपैयाँ तथा यस क्षेत्रका हरेक मजदुरलाई मासिक एक हजार बजेटरी भत्ता सुनिश्चित गर्न माग गर्नु हो' अलार्मले विज्ञप्तिमा भनेको छ ।

अलार्मले स्वतन्त्र व्यापार क्षेत्रभित्र बस्ने मजदुरको न्यूनतम ज्याला १२ हजार ५ सय ४ रूपैयाँ (आठ

घन्टे कार्यदिनको लागि) र बाहिर बस्नेलाई १० हजार १ सय ८३ रूपैयाँ कायम गर्न पनि माग गरेको छ । घरमा नबस्ने हुँदा स्वतन्त्र व्यापार क्षेत्रका मजदुरको निर्वाह लागत बढी छ ।

कटुनायकेमा काम गर्ने दक्षिणी सहर गाल्लेकी युवती निदुका आनो आधारभूत तलब ७ हजार २ सय भएको र दोब्बर आम्दानी गर्न अतिरिक्त समय र रात्रि सिटमा काम गर्ने गरेको बताउँछिन् ।

त्यत्ति आम्दानी गर्न उनले आफूलाई कारखानाको दासी बनाएकी छिन् । उनी मेसिन सरह काम गर्छिन् । 'बाहिरी संसारसँग सम्पर्क गर्ने समय हामीसँग कहिल्यै हुँदैन । यदि त्यस्तो मौका मिल्यो भने पनि हामी गर्दैनौं किनकी हामी थकित हुन्छौं । आधार तलब राम्रो हुन्थ्यो भने हामीले यसरी घोटिनु पर्दैनथ्यो' निदुकाले भनिन् ।

रोजगारदाता चाहिँ निर्वाह खर्च बढ्नु र उद्योगमा संकट आउनुमा अहिले १८ प्रतिशत रहेको मुद्रास्फितिलाई दोष दिन्छन् । 'आगामी ६ महिनामा मुद्रास्फिति दर कम्तीमा १०-१२ प्रतिशतमा झार्नु पर्छ । यसलाई एक डिजिटमा झार्नु पर्छ र तत्काल यसलाई न्यूनतम बिन्दुमा ल्याइनु आवश्यक छ' जाफका दियासले भने ।

विनिमय दरमा स्थिरता पनि गम्भीर समस्या हो । श्रीलंकाली रूपैयाँ अमेरिकी डलरसँग वर्षेनी करिब पाँच प्रतिशतको दरमा ह्रास भइरहेको छ र यो एसियाका अन्य मुलुकको तुलनामा धेरै बढी छ र मूल्य बढाउन दबाब दिइरहेको छ ।

यस क्षेत्रमा चिन्ता यसअघि नै देखिइसकेको छ । उद्योगका अधिकारीहरूको भन(इमा गएको १८ महिनामा करिब एक सय साना र मझौला उद्योग बन्द भए । श्रीलंकामा कुनै समय ८ सय गारमेन्ट उद्योग रहेको अनुमान थियो । जुन संख्या अहिले ३ सय ५० देखि ४ सयको हाराहारीमा छ ।

मजदुरहरूको आम्दानीलँई फिर्ता नहुने बाटोतर्फ पठाइरहेको निर्वाह खर्चमा भएको वृद्धिको नतिजा रोजगारीको सिलसिलामा टाढा पुगेका मजदुरले घर फर्कंदा रित्तै हात जानुपर्ने अवस्थाको रूपमा प्रकट भएको । फलस्वरूप गारमेन्ट उद्योगको क्षेत्रमा अहिले १५ हजारदेखि ३० हजार कामदारको दरबन्दी खाली छ ।

उद्योगको अवस्था यति गएगुज्रेको छ कि नयाँ कामदार खोज्न पुरानालाई पैसा दिएर फकाउनुपर्ने अवस्था छ । 'हामी विदामा घर जाादा नयाँ कामदार ल्याउनका लागि पैसा दिइन्छ । यदि राम्रो तलब दिइन्थ्यो भने यस्ता संकट आउँदैनथे । यदि हाम्रा मजदुरलाई हैसियतअनुसारको सम्मान र मूल्य दिइन्छ भने उनीहरूले हरेक दिन खुसीसाथ काम गर्थे' निशान्ती नामकी अर्की कामदार भन्छिन् ।

गारमेन्ट उद्योगहरूले हालको मुद्रास्फिति दरमा नाफा आर्जन गर्न नसकेकोले अहिले तलब वृद्धि सम्भव नभएको उद्यमीहरूको भनाई छ ।

'उनीहरू अहिलेको न्यूनतम आधार तलबमा ४० प्रतिशतको वृद्धि चाहन्छन् । हामी त्यसो गर्न कसरी सक्छौं ? हाम्रो खुद्रा मूल्य पाँच वर्षअघिको जस्तै छ । अझ त्यसभन्दा पनि तल छ । नाफा पातलिँदै गएको छ । अन्य सामानको मूल्य पनि बढेको छ । अनि हामीले कसरी यस किसिमको तलब वृद्धि गर्न सक्छौं र व्यवसायलाई निरन्तरता दिन सक्छौं ?' मुलुकको सबैभन्दा ठूलो व्यापारिक समूह ब्रान्डिक्सका निर्देशक दियास प्रश्न गर्छन् ।

'यदि तलब बढाइयो भने पनि त्यसले मुद्रास्फिति नै बढाउने छ । अनि उनीहरूले केही महिनापछि फेरि तलबवृद्धिको माग राख्नेछन् किनकी त्यो पनि उनीहरूका लागि अपर्याप्त हुनेछ' उनले भने ।

जाफको भनाईमा यो समस्याको एकमात्र समाधान मुद्रास्फिति दर र निर्वाह खर्च नियन्त्रण हो । 'मुद्रास्फितिको यो दर धान्न सक्ने तहमा झार्नुपर्छ' दियासले भने ।

महिला अधिकारवादी संस्था ओमेन्स सेन्टरकी संयोजक पद्मिनी वीरासुरिया कामदारले जीवन धान्न पर्याप्त हुने आम्दानी गरेनन् भने उनीहरूले कम खान थाल्ने र त्यसले कुपोषणको अवस्थातिर लैजाने बताउँछिन् । फलस्वरूप उत्पादकत्व घट्छ ।

'यहाँ एउटी युवती छिन् जो दिनमा एकपटक मात्र खाना खान्छिन् ...र पाँच दिनसम्म उनले भात र फर्सी मात्रै खाइन् । यो दयनीय छ तर, हामीले यस्ता उदाहरण थुप्रै भेट्टाएका (निर्वाह ज्यालामा गरेको एउटा सर्वेक्षणमा) छौं' उनले भनिन् ।

# जापान-अमेरिका सम्बन्धमा फुकुदाको जोड

– क्याथेरिन माकिनो

टोकियो (**आई.पी.एस्./एन्.पी.आई.**) – नयाँ जापानी प्रधानमन्त्री यासुओ फुकुदाको पहिलो प्रभाव देखिएको छ । नोभेम्बर महिनाको पहिलो साता संसद्को तल्लो सदन (डाइट) ले आतङ्कविरुद्धको लडाईंमा संलग्न अमेरिका तथा संयुक्त सेनाका युद्धपोतलाई इन्धनका लागि जापानले आनो तेल भण्डार खुला गरिदिने विषयको विबादास्पद विधेयक पारित भएपछि उनको पहिलो प्रभाव सार्वजनिक भएको हो ।

जपानले युद्धपोतहरूलाई ६ वर्षका लागि इन्धन भर्न दिएको थियो । त्यो अवधि गत नोभेम्बर १ तारिखमा समाप्त भयो । सो अबधि ठीक त्यस बेला सकियो, जुन बेला फुकुदा वासिंगटन भ्रमणमा निस्कन लागेका थिए । इन्धन भर्ने सम्बन्धी विधेयकको अवधि थपेपछि मात्र अमेरिका यात्रा गर्नु उनका लागि लाभप्रद पनि थियो । नोभेम्बरको दोस्रो साता अमेरिकाको विदेश नीतिका लागि जापानको समर्थन आवश्यक रहेको सङ्केत गर्दै फुकुदाले सो विधेयक पारित गराएर देखाए । सेप्टेम्बर महिनामा पदभार समालेपछि यो उनको पहिलो समुद्रपार यात्रा हो ।

विदेशी लडाका विमान तथा युद्धपोतलाई तेल भर्न दिने सम्बन्धमा सत्ताधारी लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) र प्रमुख प्रतिपक्षी प्रजातान्त्रिक पार्टी (डिपी) बीच रहेको विवादकै कारण फुकुदाभन्दा अगाडिका प्रधानमन्त्री सिन्जो आवेले पद छोड्नुपरेको थियो । सिन्जो तेल भर्न नदिने पक्षका व्यक्ति हुन् ।

‘अमेरिकासँग जापानको गहिरो र व्यापक प्रकृतिको सम्बन्ध रहेको छ’ विधेयक पास भएपछि फुकुदाले पत्रकारहरूलाई भने । यदि जापानले आतङ्कविरुद्धको विश्वव्यापी लडाइमा साथ दिएर तेल भर्न दिएन भने जापान विश्वबाटै एक्लिनेछ ।

पारित विधेयक माथिल्लो सदन जहाँ डिपी पक्षको बहुमत रहेको छ, बाट खारेज भएको थियो । बैकल्पिक विधेयकका रूपमा प्रस्ताविक सो विधेयकले अफगानिस्तानको पुनर्निर्माणमा सघाउ पुऱ्याउन मानवीय सहयोग दिनु आवश्यक रहेको जिकिर गरेको छ ।

सो विधेयकमा प्रजातान्त्रिक पार्टीको सिद्धान्त स्मरण गर्दै खेतीयोग्य जमिनको विस्तार, औषधि-उपचार र खाद्यवस्तुको सहयोग गरेर मानवीय सहयोग बढाउन सघाउने कुरा गरिएको छ ।

विधेयकको अवधारणामा अफगानिस्तानका नागरिक क्षेत्रमा आत्मरक्षा फौज (एसडिएफ) गठन गरी जनतास्वयंले आनो बचाउ गर्नुपर्छ भनिएको छ । अफगानिस्तानका जनता युद्ध होइन, शान्ति चाहन्छन् भन्ने निष्कर्ष विधेयकको छ । सर्वसाधारणको आवास क्षेत्रमा युद्धविराम सम्झौता लागू गरिएको छ र उनीहरू त्यस्तै अनिवार्य परिस्थिति सिर्जना भएमा मात्र हतियार प्रयोग गर्ने अन्यथा थन्काएको हतियार नउठाउने मानसिकतामा छन् भन्ने व्याख्या त्यसमा छ । वर्तमान अवस्थामा एसडिएफले आत्मरक्षा र आनो निगरानीमा रहेका व्यक्तिको सुरक्षाका लागि मात्र हतियार उठाउने गर्दछ ।

डिपी नेता इचिरो ओजावाले पूर्ण उत्साहका साथ सत्ताधारी पार्टीका साथ समझदारी गर्न प्रस्ताव राखेका छन् । सो प्रस्तावमा स्थायी कानुन जसले राष्ट्रिय सुरक्षा नीतिमा प्रभाव

पार्दछ, को निर्माण गर्न भनिएको छ। फुकुदा र ओजावाबीच नोभेम्बरको सुरुमा भएको बार्तामा सो प्रस्तावका बारेमा कुरा भएको सङ्केत पाइएको छ ।

ओजावाको स्थायी कानुन जोड-घटाउको योगफल भएको जापानस्थित वैदेशिक मामिला नियोगका हिटाची अन्तर्राष्ट्रिय मामिलाविद वेयस्टोन पोनिसी बताउँछन् । 'एकातिर यसले एसडिएफलाई समुद्रपार नियुक्तिका लागि निषेध गर्दछ, संयुक्त राष्ट्रसंघको आज्ञाबिना यो कार्य गर्न हुन्न भन्छ । अर्कातिर एसडिएफलाई हरेक समुद्रपार कामका लागि खटाउन संसद्को तल्लो सदन डाइटबाट पास गर्नु आवश्यक छैन पनि भन्दछ,' कोनिसीले आईपीएसलाई भने ।

'यो प्रस्ताव एसडिएफ नियुक्तिसम्बन्धी ओजावाको सिद्धान्तका कारण कमजोर लाग्दछ । सम्भवत: अधिकांश एलडिपी सदस्यहरू सोही सिद्धान्तमा टाँसिएर बसेका छन्' यस सन्दर्भमा अर्को जटिलता पनि छ । डिपीले नोभेम्बर महिनाको दोस्रो साता संसद्मा सोही विषयलाई लिएर विधेयक प्रस्तुत गरेको थियो जो अमान्य भयो । अघिल्लो कानुनले एसडिएफलाई इराकमा लडाकु विमानलाई तेल भर्न दिन आदेश दिएको थियो । विरोधी पार्टीले यो नयाँ विधेयक माथिल्लो सदनमा लैजानु पर्छ र छलफलमा ल्याउनु पर्छ भनेको थियो, जबकि तल्लो सदनले विधेयक नै पारित गरिदियो । यदि यो चातुर्यले काम गरेको खण्डमा इन्धन भर्न दिने लक्ष्य अथवा आतङ्कविरोधी विधेयकले जुन रूपमा यस कुरालाई उठाइएको छ अहिलेको डाइट अधिवेसनबाट पास हुने थिएन । सो अधिवेशन आगामी डिसेम्बर १५ मा समाप्त हुँदैछ ।

'यो नयाँ विधेयकले चलाकीपूर्ण बाटो समातेर पारितको पगरी गुतेको छ । डाइटको अधिवेशनमा बिनामतदान आतङ्कबाद विरुद्धको कानुनका रूपमा यो पारित भएको छ,' कोनिसी भन्छन्, 'प्रश्न के छ भने सांसद्हरूले बिनामतदान पास भएको सो विधेयक स्वीकँर गर्छन् अथवा डिपीलाई कुनै प्रकारले सजाय दिन्छन् सो हेर्न बाँकी छ ।

सार्वजनिक प्रसारक एनएचकेले गरेको सर्वेक्षणको परिणाम हेर्दा सहभागीमध्ये ४५ प्रतिशतले नीति कार्यान्वयन गर्न दुई प्रमुख राजनीतिक पार्टी सहमत हुनुपर्ने विचार व्यक्त गरेका छन् भने बन्द बाटो खुलाउन मध्यावधि चुनावमा जानुपर्ने धारणा प्रकट गरेका छन् ।

यसैबीच अमेरिकी रक्षामन्त्री रोवर्ट गेट्स नोभेम्बरको पहिलो साता टोकियो आए र फुकुदालाई युद्ध विमानहरूलाई इन्धन भर्न दिन प्रेरित गरे । जापानले यस कुरामा तदारुकता देखाओस् भन्ने पनि उनको आग्रह थियो । 'जापानले आनो मुलुकलाई विश्वको समृद्ध लोकतान्त्रिक मुलुक बनाउन भूमिका खेल्न सकोस् भन्ने मेरो चाहना रहेको छ,' नोभेम्बर ८ तारिखका दिन आयोजित पत्रकार सम्मेलनमा उनले भने- थुप्रै अन्तर्राष्ट्रिय शान्ति सेना तथा अन्य गतिविधिमा जापानले सृजनात्मक भूमिका निर्वाह गर्न सकोस् ।

'जापान आना उद्योग कलकारखाना र सवारी साधनका लागि चाहिने इन्धनमध्ये ८० प्रतिशत खाडी मुलुकबाट आयात गर्दछ,' गेट्सले जानकारी गराए ।

जापान प्रतिको आशङ्का यथावत कायम रहेको भए प्रतिरक्षा मन्त्री सिगेरु इसिवाका अनुसार इन्धन भर्न दिने प्रस्ताव कार्यान्वयन गर्नु मुलुकका लागि असजिलो अवस्था थियो । 'आतंकवाद विरुद्धको युद्धमा सरिक नभएको भन्दै हामीलाई कालो सूचिमा राखिने थियो ।

कोनिसीका अनुसार दुई मुलुकबीचको सम्बन्ध त्यसै पनि खराव भैसकेको छ । 'भारतीय महासागरमा रहेको जापानको इन्धन भर्ने केन्द्र बन्द गरिएकोमा वासिंगटन प्रसन्न थिएन,' उनले भने ।

'जापानले अमेरिकाले चाहेजस्तै इन्धन भर्न दिने प्रयोजनका लागि विधेयक पास गरेता पनि द्विपक्षीय सम्बन्धमा प्रगाढता भने स्थापित हुन सकेको छैन । वासिंगटनले भारतीय महासागरमा जापानको तेल भर्न दिने अखडा खडा भएकोमा प्रशंसा गरेता पनि उसले खोजेका विभिन्न प्रकारका अन्य सहयोग जापानले पूरा गर्न नसकेका कारण ऊ पूर्ण रूपले प्रसन्न छैन,' कोनिसीले भने ।

# जापान अझै मृत्युदण्डकै पक्षमा

– मुत्सुको मुराकामी

टोकियो (आई.पी.एस्./एन्.पी.आई.) - संयुक्त राष्ट्रसंघले विश्वबाटै मृत्युदण्डको सजाय खारेज गर्ने प्रस्ताब अघिसारेको र त्यसमा मतदान हुन लागिरहेको बेला जापानमा भने मृत्युदण्ड कायम राख्ने पक्ष सक्रिय भएर अगाडि सरेको छ ।

जापान मृत्युदण्डको सजाय पूर्ण रूपले कायम राख्ने विश्वको एक मात्र विकसित तथा समृद्ध औद्योगिक मुलुक हो । सेप्टेम्बर महिनामा अमेरिकी सर्वोच्च अदालतले प्राणहरण गर्न लगाइने सुईको बैधताका बारेमा पुनरावलोकन गर्न मञ्जुर गऱ्यो । जापानले पनि सुईको प्रयोग गरेर नै मृत्युदण्डको सजाय दिँदै आएको छ । अमेरिकाको टेक्सास राज्यका न्यायाधीशले ५ बजेउप्रान्त अदालत खुला राख्न नमानेका कारण सुईको विवाद पछि पनि एक व्यक्तिले मृत्युदण्डको सजाय पाउनु बाहेक अरुले त्यस प्रकारले सजाय पाएका छैनन् । मृत्युदण्डका लागि दिइने सुईको रसायनमा विबाद आएपछि सजाय दिन ठीक पारिएका घटना पनि रोकिएका छन् ।

संयुक्त राज्य अमेरिकामा मृत्युदण्डको सजाय अन्य सजायमा रूपान्तरण गर्ने क्रमचलेको छ । अहिले सुईसम्बन्धी विबाद शीर्ष अदालतको अल्पकालीन आदेश मात्र हो । आगामी वर्षको सुरुमा मृत्युदण्डका लागि प्रयोग गरिने सुई ‘क्रुर तथा अस्वाभाविक’ सजाय नहुन पनि सक्छ ।

जी-आठ समुदायका ६ अन्य मुलुकहरू जो विश्वको अर्थतन्त्रको ६५ प्रतिशत भाग ओगट्छन्, ले वर्षौंअघि नै मृत्युदण्डको सजाय खारेज गरिसकेका छन् । यी समृद्ध मुलुक र अन्य विकासशील मुलुकहरूले मृत्युदण्ड खारेज गरी सकेका कारण संयुक्त राष्ट्रसंघमा यसको खारेजीका पक्षमा मतदान गर्नेछन् । मध्य डिसेम्बरमा संयुक्त राष्ट्रसंघको महासभामा मृत्युदण्ड खारेजीको प्रस्ताव प्रस्तुत भैसकेको छ ।

‘हत्याराले मेरो जीवन सुरक्षित छैन भन्ने महसुस गर्नुपर्छ । हत्या गरेर पनि म बाँच्न सक्छु भन्ने भावना उसमा आउनु हुँदैन,’ जापानी न्यायमन्त्री कुनियो हातोयामाले अक्टोबर २९ तारिखका दिन भने, ‘यो मेरो मात्र विचार होइन, जापानका ८० प्रतिशतभन्दा बढी व्यक्तिहरू मृत्युदण्डकै पक्षमा रहेका छन् ।’

मन्त्रीले मृत्युदण्डको पक्षमा संयुक्त राष्ट्रसंघमा त्यसका बारेमा मतदान हुनुभन्दा अगाडि सो अवधारणा सार्वजनिक गरेका हुन् । उनले विदेशी संवाददाता क्लबमा बाहिरी मुलुकका लागि समाचार संप्रेषण गर्ने पत्रकारलाई सम्बोधन गर्दै टोकियोमा भनेअनुसार संयुक्त राष्ट्रसंघको महासभाले मृत्युदण्ड खारेजीको पक्षमा मतदान गरेता पनि हातोयामाको सरकारले आनो अडान छोड्ने छैन । विश्व नै एक भएर मृत्युदण्डको विरुद्धमा मत जाहेर गरेपनि जापानले आनो अडान कायम राख्नेछ ।

हातायामाले मृत्युदण्डको विपक्षमा जाने कुनै सङ्केत नदेखाई प्रकट गरेको मन्तव्यको ठीक एक साताअघि संसद् समितिमा पनि सम्बोधन गरेका थिए । उनले केबल झुण्डाएर मृत्युदण्डको सजायदिनु नै सबैभन्दा बढी उपयुक्त विधि हो भन्ने कुरामा मात्र असहजता प्रकट गरेका थिए ।

‘म इमान्दारीपूर्वक के कुरा प्रकट गर्न चाहन्छु भने झुण्डाएर मृत्युदण्ड दिनुभन्दा उत्तम अर्को विकल्प छैन भन्ने भनाइप्रति भने मेरो सहमति छैन भन्ने कुरामा भने म आश्चर्य प्रकट गर्छु,’ उनले सांसद्हरूले उठाएका प्रश्नको जवाफमा भनेका थिए ।

हातोयामाको उद्घोषले मानव अधिकारकर्मीलाई हतप्रद् बनाएको छ । उनी झुण्डाएर मृत्युदण्ड नदिई ज्यानमारा सुई रोपेर सो सजाय दिने चाहना राख्छन् भन्ने खुलासा गरेको छ । उनले छानेको सुई अमेरिकामा आजसम्मको सर्वाधिक कम पीडक भनी प्रयोगमा ल्याइने गरिएको हो तर पनि पछिल्लो समयमा त्यो पनि विबादास्पद बनेको छ ।

गएको सेप्टेम्बर २५ तारिखमा हातोयामाले जापानमा दिने गरिएको मृत्युदण्डको सजायको पद्धतिमा सुधार आवश्यक रहेको तर यो सजाय कायम राख्नुपर्ने विचार प्रकट गरेका थिए । अदालतले फैसला सुनाएपछि अभियुक्तले स्वत: मृत्युदण्डको सजाय पाउनुपर्ने, न्याय मन्त्रीले आदेशपत्रमा हस्ताक्षर गरेपछि मात्र सो सजाय कार्यान्वयन गर्ने प्रक्रिया हटाउनुपर्ने उनको विचार थियो ।

‘कसैले पनि मृत्युपत्रमा हस्ताक्षर गर्न चाहँदैन,’ उनी सजाय सुनाएपछि त्यसको तत्काल कार्यान्वयन हुनुपर्ने पक्षमा छन्, ‘यसको गति स्वचालित सोपानजस्तै हुनुपर्छ,’ उनी भन्छन् ।

उनको भनाइलाई लिएर देशव्यापी रूपमा अधिकारकर्मीले आपत्ति जनाए ।

जापानको अपराध कानुनले कारबाही प्रक्रियाका बारेमा अदालतले मृत्युदण्डको सजाय सुनाएपछि ६ महिनाभित्र न्यायमन्त्रीले सो कार्यान्वयनका लागि मृत्युआदेशमा हस्ताक्षर गर्नुपर्छ । आधा वर्षको समय न्यायमन्त्रीलाई दिने प्रावधानका पछाडि तर्क के रहेको छभने अभियुक्तको मुद्दा पुनरावलोकन गर्न, माफी दिलाउन र मानसिक स्वास्थ्य स्थिति अनुकूल रहे-नरहेको हेर्न यो समय आवश्यक छ ।

व्यबहारमा अदालतले मृत्युदण्डको सजाय सुनाएपछि न्यायमन्त्रीले मृत्यु-आदेशपत्रमा हस्ताक्षर नगरेका कारण सात वर्षभन्दा लामो समयसम्म अपराधी मारिने दिन गनेर जेलमा बसेको देखिन्छ । यी हरफ लेखिरहँदा जापानमा १०२ व्यक्ति मृत्युदण्डको प्रतीक्षामा छन् ।

मृत्यु-आदेशपत्रमा तत्काल हस्ताक्षर गर्ने न्यायमन्त्रीहरू पनि छन् । हातोयामाका पूर्ववर्ती न्यायमन्त्री जाइनेन नागासेले पाँच महिनाको आनो कार्यकालमा १० व्यक्तिको मृत्युपत्रमा हस्ताक्षर गरे ।

तर अरु मन्त्रीहरूले मृत्यु आदेशपत्रमा धार्मिक तथा अन्य कारणहरू देखाएर हस्ताक्षर गर्न मानेन् । नागासेभन्दा अघि बौद्ध धर्मावलम्बी सेइकेन सुगियुरा न्यायमन्त्री थिए । उनले १५ महिनासम्म मृत्युपत्रमा हस्ताक्षर गर्न मानेनन् ।

हातोयामाको मन्त्रालयले मृत्युदण्डको अर्को विधिका विषयमा अनुसन्धान गरेको छ । अनुसन्धान समितिको प्रतिवेदनमा मृत्युदण्ड कार्यान्वयनमा मन्त्रीको हस्ताक्षर आवश्यक नरहेको सुझाव दिएको छ ।

मृत्युदण्ड सजायविरुद्ध सक्रीय समूह र मानवअधिकारकर्मीहरूले हालै हातोयामाबाट प्रकट भएको विवादास्पद अभिव्यक्तिप्रति भर्त्सना प्रकट गरेका छन् । उनीहरूले संयुक्त राष्ट्रसंघले मृत्युदण्डको सजाय खारेज गर्ने प्रक्रिया सुरु गरेको बेला मन्त्रीबाट सो अभिव्यक्ति प्रकट हुनु थप निरासाको विषय हुने जनाएका छन् ।

सिजुका कामेई जापानी संसद्का सत्तरी सदस्यको नेतृत्व गर्दै अहिले मृत्युदण्डको सजाय खारेज गर्नुपर्छ भन्ने कुराको वकालतमा लागेका छन् । उनले हातोयामाको भनाइ अमानवीय रहेको र न्यायमन्त्रीजस्तो जिम्मेवारपूर्ण पद सम्हाल्न अयोग्य रहेको टिप्पणी गरेका छन् ।

कामेईले न्यायमन्त्रीलाई मृत्युदण्ड दिने कक्षमै उपस्थित भएर मृत्यु-आदेशपत्रमा हस्ताक्षर गर्न चुनौती दिएका छन् । यसरी हस्ताक्षर गर्दा मृत्युको निकट पुगेको अनुभव हुने र अपराधबोध बढ्ने उनको धारणा रहेको छ ।

कामेईको समूहले मृत्युदण्डका सजायका सम्बन्धमा दुई वर्ष लामो अध्ययनका लागि संसदीय अनुसन्धान समिति गठन गर्ने प्रस्ताव गरेको छ । यसैबीच जापानले पनि मृत्युदण्डको सजाय अन्य सजायमा रूपान्तरित गर्नुपर्ने सुझाव पनि दिएको छ ।

अक्टोबर १० का दिन मृत्युदण्ड विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइयो । ४९ जापानी अधिकारवादी संगठनहरूले हातोयामाको अभिव्यक्तिप्रति विरोध जनाउँदै वक्तव्य निकाले सबैले मन्त्रीको हस्ताक्षरबिना नै मृत्युदण्ड कार्यान्वयन गर्ने भनाइ फिर्ता लिन आग्रह पनि गरे ।

'हामीलाई न्यायमन्त्रालयतिर जानलाग्दा त्रासको अनुभव हुन थाल्यो । जसले मानवको जीवन हरण गर्ने कार्यमा वकालत गरेको छ, त्यता जानुपनि त्रासको विषय बन्यो,' उनीहरूको वक्तव्यमा भनिएको छ- विश्व मृत्युदण्डको खारेज गर्ने दिशामा अघि बढिरहेको छ तर, हामी भने मृत्युदण्ड दिने जापानी पद्धतिमा परिवर्तन गर्न लागिरहेका छौं, यो कस्तो आश्चर्य ।

न्यायमन्त्रीको अभिव्यक्तिप्रति आपत्ति जनाउने मध्येका एक ८१ वर्षीय साकाइ मेन्दा जो पहिला मृत्युदण्डको सजाय सुनाइएका व्यक्तिपनि हुन्, पनि कार्यक्रममा सहभागी थिए । मृत्युदण्ड सुनाइएका मेन्दाको पुनरावेदनमाथि अनुसन्धान गर्दा उनी निर्दोष सावित भएका थिए । तर, मृत्युदण्डको पक्षमा वकालत गर्ने व्यक्तिहरूको भनाइ के रहेको छभने जापानमा मृत्युदण्डका पक्षपातिहरूको संख्या ठूलो छ । २००५ मा सरकारले गरेको सर्वेक्षणअनुसार केवल ६ प्रतिशत जापानी मात्र मृत्युदण्डको विपक्षमा देखिन्छन् ।

'मृत्युदण्डको सजायका सन्दर्भमा आम व्यक्तिको खास चासो नदेखिनुका पछाडि जापानी नागरिकमा यससम्बन्धी चेतना दिने कार्यक्रमको अभाव पनि हो,' मृत्युदण्डको सजाय खारेजीसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदनका लागि गठित फोरम-९० का अगुवा सदस्य आकिको ताकादाले भने । मृत्युदण्डविरुद्धको अभियानमा लागेका ५ हजार व्यक्तिको सञ्जाल फोरम- ९० हो ।

जापानमा मृत्युदण्डको प्रतीक्षामा राखिएका व्यक्तिलाई आमसमाजबाट अलग बनाइन्छ । उनीहरूलाई पत्रकार र यस सजायका विरोधीहरूले समेत भेट्न पाउँदैनन् । उनीहरूलाई परिवारका निर्धारित सदस्यले मात्र भेट्छन् । परिवारसँग पत्राचार गर्न दिइने प्रावधान त छ तर चाहेको बेला जेलका अधिकारीले त्यसलाई रोक्न पनि सक्छन् । मृत्युदण्डको सजाय कहिले दिइँदैछ भन्ने जानकारी पनि प्रेसलाई दिइँदैन । परिवारको निकटस्थ व्यक्तिलाई मात्र सो सजायको जानकारी दिइन्छ ।

'आम नागरिकले मृत्युदण्डका पक्षमा वकालत गर्ने कुरा असम्भव हो । अन्य मुलुकमा जस्तै जापानमा पनि राजनीतिक नेतृत्वबाट जनतालाई सचेत गराउने काम भयोभने यस सजायका विपक्षमा जनमत बन्ने कुरामा शङ्का छैन,' ताकादाले भने ।

# शौचालयको प्रयोग आनन्द र अधिकार

– लिनेट ली कर्पोरल

सुवन, दक्षिण कोरिया (**आई.पी.एस्./एन्.पी.आई.**) – संयुक्त राष्ट्रसंघले लिएको तथ्याङ्कअनुसार अहिलेको २१ सौं शताब्दीमा पनि चर्पी र सरसफाइमा बेवास्ता गर्ने मानिसको संख्या ९ करोड ८० लाख रहेको अनुमान गरिएको छ। त्यसमा पनि बालबालिकाको संख्या अधिक रहेको पाइन्छ । सरसफाइको लागि व्यवस्थापन पक्ष नै कमजोर देखिन्छ। त्यसकारण चर्पी प्रयोगका सम्बन्धमा आधुनिक र परिमार्जित तालिम प्रदान गर्नुपर्ने भएको छ ।

यस कुराको थालनी गर्दै दक्षिण कोरियाले शौचालय क्रान्ति नामक तालिम सुरु गरी मानिसलाई चर्पीको महत्वको बारेमा सजग बनाउने प्रयास थालेको छ । यस तालिममार्फत मानिसलाई चर्पी केवल शारीरिक प्रयोगको लागि नभई आराम गर्ने ठाउँ पनि हो जसले सजिलोसंग विर्सजन गर्न मद्दत गर्छ भन्ने सन्देश दिने गरिएको छ ।

यो लक्ष्यसम्म पुग्न, ठूलो जागरण र शैक्षिक शिबिर गर्नुपर्ने देखिन्छ। खासगरी चर्पीको सरसफाइको बारेमा अनभिज्ञ व्यक्तिहरू रहेको क्षेत्रमा शिबिर खडा गर्नु आवश्यक छ । यस क्रान्तिलाई सफल पार्न चर्पीको निर्माण गरी यसको सही र निरन्तर मर्मत सम्भार गर्नुपर्छ भन्ने जानकारी आवश्यक छ ।

यो लक्ष्यको साथै अन्य आधारभूत सरसफाइका बारेमा विश्व चर्पी संघको साधारणसभा (डब्लुटिएए) नोभेम्बर २१ देखि २५ सम्म दक्षिण कोरियाको सियोलमा हुनेछ। सो बैठकले २००८ लाई अन्तर्राष्ट्रिय सरसफाइ वर्ष मनाउने कुराको अनुमोदन गर्नेछ ।

अहिलेसम्म बैठकमा ६७ राष्ट्रहरू सहभागी हुने अपेक्षा गरिएको छ । जसमध्ये २१ एशियाबाट, १४ मध्ये, दक्षिण र उत्तरी अमेरिकाबाट, १३ अफ्रिका, ८ युरोप ६ मध्यपूर्वबाट आउने निश्चित भएको छ ।

सम्मेलनको आयोजना दक्षिण कोरियाको स्थानीय मन्त्रालय, गृह मन्त्रालय र कोरियाली चर्पी संगठनले संयुक्त रूपमा गर्नेछन् । विश्व चर्पी संगठनको साधारणसभाको उद्घाटनका लागि आयोजक समितिले गर्ने भएको छ जसको अध्यक्षमा सिम जेइ डक रहने छन् ।

सिम जेइ डकले हेडउजेई चर्पी घर बनाएका छन् । हेडउजेइ चर्पी घर सुवनमा रहेको एउटा कचौरी आकारको छ । यो चर्पी देखेपछि यस्तै चर्पी बनाउन सबै प्रेरित हुनेछन्। यसले डब्लुटिएएको अभियानलाई तीब्र गतिमा अघि बढाउन सघाउने अपेक्षा गरिएको छ ।

आयोजक पक्षको सचिवालय प्रमुख सोङ योङ मोनकाअनुसार चर्पीको बारेमा छलफललाई अहिले पनि निजी कुराझै मानिन्छ। यसका बारेमा सार्वजनकि ठाउँमा कुरा गर्न असजिलो मान्नेहरू धेरै छन् । सधैं चर्पीलाई शारीरिक कार्यको लागि प्रयोग गरिने भएकोले यसले खराब प्रतिष्ठा कमाएको छ। यसको आवश्यकता, महत्व र यसबाट प्रयोगकर्ताले उठाउन सक्ने आनन्दको पक्ष छायाँमा परेको छ ।

'विकसित र विकासोन्मुख मुलुकका धेरै मानिसहरू जवान तथा बुढा आनो घरमा चर्पीको बारेमा कुरा गर्न मन पराउँदैनन्। मलाई लाग्छ, अब समय आएको छ यस बारेमा कुरा गर्नुपर्छ, कठिनाइ चिर्नुपर्छ। शौचालय व्यवस्थित गर्ने पहिलो कदम यही नै हो,' उनले भने ।

सचिवालय प्रमुखले थपे, 'चर्पी र यसका बारेमा आनो सोचाइलाई परिवर्तन गरेमा विश्वव्यापी रूपमा गम्भीर सरसफाइ समस्या हटाउन मद्दत गर्छ जसले गर्दा अरु ठूला स्वास्थ र वातावरणसम्बन्धी समस्या स्वत: निराकरण हुन्छन् ।'

'हामी डब्लुटिएएमा विश्वास गर्छौं, हरेक मानिसमा यो अधिकार छ उसले चर्पीको सुविधा लिन सक्छ । यो हरेक व्यक्तिको आधारभूत आवश्यकता हो । सबैजना यस लक्ष्यको प्राप्तिका लागि एक-अर्काको मद्दत गर्न इच्छुक छन् कि छैनन् भन्ने प्रश्न मात्र यस सम्बन्धमा महत्वपूर्ण देखिन्छ,' डब्लुटिएएका बाहिरी कारोबार विभागका डिरेक्टर जेनेरल किम अ वाईले बताए ।

शौचालय व्यवस्थापन कार्यले संयुक्त राष्ट्रसंघ र यसको मातहतका निकायहरूले शताब्दी विकास लक्ष्य कार्यक्रमलाई सघाउ पुराउँछ । चुनौती के छभने, विश्वको आधा जनसंख्या पनि आधारभूत सरसफाइसम्म पुग्न सकेको छैन । यसलाई २०१५ सम्म एक चौथाइमा घटाउने अपेक्षा छ ।

यस्ता प्रमुख लक्ष्यलाई अझ सशक्त तथा सक्रिय रूपमा लैजान डब्लुटिएएले चर्पीका विषयमा विशेष ध्यान पुऱ्याउने फैसला गरेको छ ।

डब्लुटिएए चर्पी संगठनका लागि उत्तम ठाउँ हुनेछ जहाँ हरेक सहभागी राष्ट्रका प्रतिनिधिले यसलाई

आधारभूत आश्यकता स्वीकार गर्दै बहसमा भाग लिनेछन् । यसबाट सम्बद्ध समाज सचेत हुन सघाउ पुग्नेछ, किम ऊ ताईले- 'हामी तिनीहरूलाई आपसमा संयोजन गर्न उत्प्रेरित गर्नेछौं र आफै पनि सहभागी भई लक्ष्य प्राप्त गर्न मद्दत गर्नेछौ ।'

अब चर्पी निर्माणसम्बन्धी तालिम केबल घरधनीमा मात्र सीमित हुने छैन । समाजका हरेक व्यक्तिमा यसलाई केन्द्रित गरिने छ । किम ऊ ताईले अझ जोड दिएर भने, सम्मेलनमा आएका सहभागीहरूले आ-आनो मुलुकमा फैलिएर शैक्षिक तथा जागरण अभियान चलाउने छन् साथै सहभागी राष्ट्रका स्थानीय सरकारी कार्यकर्ताका लागि तालिम पनि प्रदान गर्नेछन् ।

डब्लुटिएएका सल्लाहकार योन सिएओन पनि सोही धारणा राख्छिन् । व्यापक जागरण र शैक्षिक अभियानका रूपमा यस कार्यलाई अघि बढाइनेछ । दक्षिण कोरियामा पम्प्लेट-पोष्टर सामग्री तयार पारी प्रबर्द्धनमा सघाउ पुर्‍याइँदै छ ।

विगतको इतिहास हेर्दा दक्षिण कोरिया सार्वजनिक चर्पीको सुविधा प्रदान गर्न ज्यादै जागरुक देखिन्छ । यसमा उनीहरू गर्व गर्छन् र आनन्द लिन्छन् । वास्तवमै देशका सार्वजनिक चर्पीको अवस्था हेर्दा यदि त्यो कुनै व्यक्तिको निजी सम्पत्ति हुन्थ्यो भने चर्पीमालिक निकै धनी भैसक्ने थियो । सिउलबाट ४० किमी टाढा सुओन शहरमा रहेको जङगन पार्क र चर्पी प्रयोगकर्ता र हेर्नेहरूका लागि आकर्षक लाग्छ ।

करिब एक दशकअघि निर्माण भएको र पुरानो भनेर चिनिने यो चर्पी ज्यादै फराकिलो छ, हरेक ढोकामा विद्युतीय उपकरण छ जसले चर्पी प्रयोग भएको वा नभएको जनाउँछ । अशक्तका लागि स्वचालित ढोका र बस्नका लागि सुविधाजनक आसन छ । प्रवेशद्वार बाहिर चर्पीका कर्मचारीका फोटा र सम्पर्क नम्बरहरू टाँसिएका छन् । शास्त्रीय संगीत बजिरहन्छ, त्यो सुन्नुस् र आराम अनुभव गर्नुस् ।

प्रोफेसर जीओन एओङ स्याङ्गले बनाएको ८१.४ वर्ग मिटरको चर्पी पुरानो कोरियाली घरजस्तै छ । यस कामवापत उनलाई एउटा महत्वपूर्ण उपहार दिइयो । त्यो थियो चर्पी । दक्षिण कोरियाको सबैभन्दा राम्रो चर्पीबाट उनी पुरस्कृत गरिए ।

'मैले चर्पीहरू आफैंमा पूर्ण हुनसक्छन् र यो चर्पी यसको प्रमुख उदाहरण हो भन्ने विश्वास गरेको छु । हामीसंग पानी पुन शुद्ध पारी प्रयोग गर्नका लागि सौर्य-पङ्खाहरू छन्,' प्रोफेसर जिओनले आईपीएसलाई बताए ।

ह्वासिओङ्ग हेडङ्गउङ्ग चर्पी जुन विश्व साँस्कृतिक सम्पदा क्षेत्रमा अवस्थित छ, त्यो सुओनमा पनि छ । ह्वासिओङ्ग पनि अर्को सुविधायुक्त चर्पी हो । यसले प्रकृति र वातावरणसापेक्ष विकास गरेको छ ।

महिलाहरूलाई भने आधुनिक कचौरा आकारको चर्पी र वर्गाकारमध्ये एक छान्ने सुविधा छ । सबै कोठाहरूबाट ठूला सिसाका झ्यालबाट बगैंचाको दृश्य देखिन्छ । एउटा फराकिलो बस्ने कोठामा पनि त्यस्तै वातावरण छ । चराको मधुर आवाजले गर्दा त्यहाँ बस्ने व्यक्ति आनन्दको अनुभव गर्नेछ ।

सोङ्ग योङ्ग गोन सम्झाउँछन्, चर्पीको प्रयोग गरिनुका पछाडि आधुनिकीकरणको कुनै हात छैन । डब्लुटिएए यहाँ सबै चर्पीलाई आधुनिक सुविधासम्पन्न गराउन आएको पनि होइन ।

'हामी यहाँ चर्पी प्रदान गर्ने व्यापारमा आएका होइनौं । हामी त यहाँ खासगरी विकासोन्मुख राष्ट्रहरूको समाजलाई आधारभूत सरसफाइ आवश्यकताबारे सचेत गराउन मात्र आएका हौं,' उनले भने ।

'यो पैसा कमाउने खेल होइन, न त आधुनिक सुविधायुक्त चर्पीकै प्रबर्द्धन गरिएको हो । यो कोरियाली चर्पी क्रान्तिको सुरुवात गर्ने विषय पनि होइन । डब्लुटिएएको मुख्य लक्ष्य हामी सबैलाई समाजमा एक-अर्काको मद्दत गर्न अभिप्रेरित गर्नु र स्वस्थकर शौचालयको सुविधा हरेक नागरिकको अधिकार हो, उचित संरक्षणमा सघाउ पुर्‍याउनु हरेक नागरिकको कर्तव्य हो भन्ने सचेतना दिनु मात्र यसको लक्ष्य हो,' किम ऊ ताईले प्रष्ट पारे ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ______________________


npiktm@wlink.com.np